# प्राङ्गारिक मल उत्पादन तथा उपयोग प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि,२०७६

**प्रस्तावनाः** प्राङ्गारिक मलको प्रयोग मार्फत माटोको भौतिक, रासायनिक र जैविक गुणमा सुधार ल्याई दिगो कृषि उत्पादन वृद्धि गर्न प्राङ्गारिक मलको उत्पादन तथा उपयोग प्रबर्द्धन गर्न अवश्यक देखिएकोले, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र मातहतको निकायको स्वीकृत वार्षिक कार्यक्रमलाई प्रभावकारी तथा व्यवस्थित रुपमा सञ्चालन गर्न प्रदेश नं. ५ को अनुदान व्यवस्थापन एकीकृत मार्गदर्शन, २०७६ को दफा ४ को उपदफा (३) अनुसार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ।

## परिच्छेद -१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "**प्राङ्गारिक मल उत्पादन तथा उपयोग प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि,२०७६**" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

(३) यो कार्यविधि प्रदेश नं. ५ भर लागू हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "कार्यालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वा मातहतको निकायलाई सम्झनु पर्छ।

(ख) "निर्देशनालय" भन्नाले कृषि विकास निर्देशनालयलाई सम्झनु पर्छ।

(ग) "प्राङ्गारिक वा जैविक मल" भन्नाले कृषि बालीको लागि आवश्यक पोषक तत्व उपलब्ध गराउनको लागि बोट बिरुवा माटोमा प्रयोग गर्न वनस्पति तथा पशुजन्य पदार्थ वा जीवजन्तुको मल मूत्र वा अन्य आवश्यक प्राङ्गारिक पदार्थ कुहाएर तयार गरिएको कार्वनयुक्त पदार्थलाई जनाउँछ।

(घ) "मन्त्रालय" भन्नाले प्रदेश सरकार, प्रदेश नं. ५ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनु पर्छ।

(ङ) "समिति" भन्नाले कार्यक्रम व्यवस्थापन समितिलाई सम्झनु पर्छ।

(च) "ज्ञान केन्द्र" भन्नाले सम्बन्धित कार्य क्षेत्रको कृषि ज्ञान केन्द्रलाई सम्झनु पर्छ।

३.<u>**उद्देश्यः**</u> यस कार्यविधिका उद्देश्यहरु देहायबमोजिम रहेका छन् ः-

(क) प्राङ्गारिक मलको महत्व र उत्पादनका लागि कृषकस्तरमा सचेतना बढाउने,

(ख) बढ्दो रासायनिक मलको प्रयोगलाई न्यूनीकरण गरी रसायान रहित गुणस्तरीय कृषि उत्पादन प्रवर्द्धन गर्ने, र

(ग) प्राङ्गारिक मलको व्यापक प्रयोगबाट माटोको गुणस्तरमा सुधार गर्दै दीगो उत्पादन र उत्पादकत्व वृद्धिगर्ने।

## परिच्छेद -२

## समिति सम्बन्धी व्यवस्था

४. <u>**कार्यक्रम व्यवस्थापन समिति:**</u>(१) निर्देशनालयबाट सञ्चालन हुने कार्यक्रमको हकमा देहाय बमोजिमको कार्यक्रम व्यवस्थापन समिति रहनेछः-

| | | | |
|---|---|---|---|
| (क) | प्रमुख, | निर्देशनालय | संयोजक |
| (ख) | प्रमुख वा प्रतिनिधि, | सम्बन्धित महाशाखा, मन्त्रालय | सदस्य |
| (ग) | प्रमुख वा प्रतिनिधी, | योजना,कार्यक्रम तथा अनुगमन शाखा, निर्देशनालय | सदस्य |
| (घ) | प्रमुख वा प्रतिनिधि, | लेखा/प्रशासन शाखा, निर्देशनालय | सदस्य |
| (ङ) | प्रमुख वा तोकिएको अधिकृत, | बाली विकास तथा माटो व्यवस्थापन शाखा, निर्देशनालय | सदस्य सचिव |

(२) मन्त्रालय मातहतका अन्य निकायबाट कार्यक्रम सञ्चालन गर्दा देहाय बमोजिमको समिति गठन हुनेछः-

| | | |
|---|---|---|
| (क) | कार्यालय प्रमुख वा निजले तोकेको अधिकृत | संयोजक |
| (ख) | योजना शाखा प्रमुख | सदस्य |
| (ग) | लेखाप्रशासन/ शाखा प्रमुख | सदस्य |
| (घ) | सम्बन्धित स्थानीय तहको कृषि हेर्ने अधिकृत/प्राविधिक | सदस्य |
| (ङ) | कार्यालय प्रमुखले तोकेको कार्यक्रम सञ्चालन गर्ने शाखाको कर्मचारी | सदस्य सचिव |

(३) उपदफा (१) वा (२) बमोजिमको समितिले आवश्यकता अनुसार बढिमा ३ जना सम्म कुनै विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) समितिको काम, कर्तब्य तथा अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रमको प्रस्ताव आह्वानको सूचनाको ढाँचा तयार गर्ने र सूचना प्रकाशन गर्ने निर्णय गर्ने,

(ख) कार्यक्रमको उद्देश्य अनुरुप सञ्चालन गर्न र अनुदान वितरणलाई व्यवस्थित र मर्यादित बनाउन आवश्यक कार्य गर्नुका साथै आवश्यकता अनुसार अन्य उपसमिति पनि गठन गर्न सक्ने,

(ग) दर्ता भएका प्रस्तावहरुले आवश्यक न्यूनतम आधारहरु पुरा गरेको/नगरेको यकिन गरी पहिलो चरणमा प्रारम्भिक छनौट गर्ने/गराउने,

(घ) कार्यक्रम सञ्चालनका लागि सम्भावित अनुदानग्राहीको छनौटको लागि आवश्यक स्थलगत निरीक्षण गर्ने/गराउने,

(ङ) स्थलगत निरीक्षण टोलीको प्रतिवेदनमा उल्लेख भएअनुसार प्रस्तावकहरुको मूल्याङ्कन प्रक्रिया अगाडि बढाउने वा अस्वीकृत गर्ने भन्ने निर्णय गर्ने,

(च) अनुदानग्राहीको अन्तिम मूल्याङ्कन अनुसूची-३ बमोजिमको मूल्याङ्कनको आधारमा व्यवस्था भए बमोजिम गर्ने,

(छ) मूल्याङ्कन बमोजिमको योग्यताक्रम अनुरुप स्वीकृत बजेटको परिधि भित्र रही सम्झौताको लागि निर्णय गर्ने/गराउने,

(ज) प्रस्तावकले प्रस्तावना गरेको कार्ययोजनालाई आवश्यकता भए प्रस्तावकको सहमतिमा परिमार्जन सहित अन्तिम रुप दिने,

(झ) कार्यक्रमको सुपरीवेक्षण र अनुगमनमा आवश्यकता अनुसार सहयोग गर्ने।

## परिच्छेद-३

## <u>कार्यक्रम सञ्चालन</u>

**५.<u>कार्यक्रम सचालन प्रक्रिया</u>**ः यस कार्यक्रमको सञ्चालन प्रक्रिया देहायबमोजिम हुनेछः-

(क) यस कार्यक्रमको सञ्चालन निर्देशनालय वा कार्यालयले गर्नेछ।

(ख) प्राङ्गारिक मल उत्पादन तथा उपयोग प्रवर्द्धन कार्यक्रमका लागि निर्देशनालय वा कार्यालयले राष्ट्रिय दैनिक पत्रिकामा ३० (तीस) दिने सूचना प्रकाशन गरी आयोजना प्रस्ताव माग गर्नेछ।

(ग) आयोजना प्रस्ताव गर्ने संस्थाको कम्तीमा १ रोपनी वा १ कट्ठा जग्गा आफ्नै स्वामित्वको हुनुपर्नेछ वा घटिमा १० वर्षका लागि लिज वा भाडामा लिएको करारनामा पेश गर्नु पर्नेछ। र त्यस्तो जग्गामा विजुली र सडक पहुँच पुगेको हुनु पर्नेछ।

(घ) आवेदकले अनुसूची-१ बमोजिमको ढाँचामा प्रस्तावना पेश गरी माग गर्नु पर्नेछ।

(ङ) अनुसूची-२ बमोजिमको प्रस्ताव तयार गरी सूचनामा तोकिएको आवश्यक कागजातहरु सहित सूचनामा तोकेको कार्यालयमा प्रस्ताव दर्ता गर्नु पर्नेछ। दर्ता भएका प्रस्ताव सम्बन्धित कार्यालयले म्याद सकिएको मितिले ७ दिनभित्र कार्यक्रम सञ्चालन हुने निकायमा पठाई सक्नु पर्नेछ।

(च) भौगोलिक र प्राविधिक सम्भाव्यताका आधारमा प्राप्त आवेदनहरुको स्थलगत निरीक्षण तथा मूल्याङ्कन निर्देशनालय वा कार्यालयले गर्नेछ। समितिबाट छनौट भएका प्रस्तावहरुको बारेमा सरोकारवालालाई जानकारी गराइने छ।

(छ) स्वीकृत प्रस्तावकसँग अनुसूची-४ बमोजिमको ढाँचामा सम्झौता गरी प्रस्ताव कार्यान्वयन अघि बढाउने काम निर्देशनालय वा कार्यालयको हुनेछ। तर तोकिएको समयभित्र सम्झौता गर्न नआएमा प्राथमिकता क्रममा त्यसपछि रहेका प्रस्तावकसँग कार्यक्रम कार्यन्वयनको लागि सम्झौता गर्न सकिनेछ।

(ज) कार्यविधिको कार्यान्वयन भन्दा अगावै विगत २ आ.व. भित्र मन्त्रालय वा अन्य कुनै सरकारी निकायबाट सोही प्रयोजनका लागि अनुदान लगायतका सुविधा प्राप्त गरेका संस्थाहरुलाई दोहोरो सुविधा लिने गरी यस कार्यविधि बमोजिम सुविधा प्राप्त हुनेछैन। तर सम्पन्न भइनसकेका कार्यक्रमलाई यस किसिमको सुविधा प्रदान गर्न बाधा पर्ने छैन।

६. <u>कार्यक्रम अन्तर्गत सञ्चालन गरिने क्रियाकलापहरु:</u> यस कार्यक्रम अन्तर्गत देहायको कार्यहरु सम्पन्न हुनेछन्:-

(१) प्राङ्गारिक मल प्रवर्द्धन कार्यक्रम अन्तर्गत प्राङ्गारिक मल उत्पादन सम्बन्धी तालिम तथा प्रचार प्रसार सामग्री र सञ्चार माध्यमबाट प्रसारण आदि कार्यका लागि बढीमा रु. २ (दुइ) लाख सम्म निर्देशनालय वा कार्यालयले आवश्यकता अनुसार कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(२) प्राङ्गारिक मल उत्पादन व्यवस्थापनमा अनुदान सहयोग अन्तर्गत देहायका क्रियाकलापहरु गरिने छन्

(क) प्राङ्गारिक मल वा जैविक/जिवाणु मल उत्पादन कारखानाको स्थापना/क्षमता विस्तार/सुधार गर्न औजार उपकरण खरिद।

(ख) समूह वा सहकारी बाट भकारो सुधार/गोठेमल व्यवस्थापन/भर्मी कम्पोष्टिङ्ग/बायोग्यास स्थापनाका लागि संरचना निर्माण सुधार कार्य।

७. **<u>प्रस्तावकले पालना गर्नुपर्ने शर्तहरुः</u>** यस कार्यक्रमका स्वीकृत प्रस्तावक वा अनुदानग्राहीले देहाय बमोजिमका शर्तहरु पालना गर्नुपर्नेछः-

(क) दफा ६ को उपदफा (२) बमोजिम सम्पन्न गरिने क्रियाकलापमा लाग्ने लागतको बढीमा ५० प्रतिशत रकम वा रु. ५ लाख मध्ये जुन कम हुन्छ सो मात्र अनुदानमा उपलब्ध गराइनेछ। समूह वा सहकारीबाट माग भएकामा प्रति व्यक्ति २५ हजार नबढ्ने गरी बढीमा ५ लाख वा लगानीको ५० % मध्ये जुन कम हुन आउँछ सो मात्र अनुदानमा उपलब्ध गराइनेछ। तर प्रस्ताव गरिएका आयोजनाको कूल लागत न्यूनतम् ५ लाख भन्दा बढीको हुनु पर्नेछ।

(ख) अनुदान प्राप्त गर्ने निजी उद्दमी/समूह वा सहकारी संस्थाको नाममा जग्गा भएको जग्गा धनि प्रमाण पुर्जा वा कम्तिमा १० वर्षको जग्गा भोगाधिकारको करारनामा पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ।

(ग) अनुदानमा स्थापना भएका प्राङ्गारिक मल उत्पादन सम्बन्धित उपकरण सामान कम्तिमा दश वर्षसम्म अरुलाई विक्रि वितरण वा हस्तान्तरण गर्न पाइने छैन।

(घ) प्राङ्गारिक मलउत्पादन तथा उपयोग प्रवद्धन कार्यक्रममा प्राङ्गारिक मल उत्पादन तथा उपयोगमा संलग्न कृषक, कृषक समूह, कृषि सहकारी, तथा नीजी उद्धमी हरुले आवेदन दिन सक्नेछन्। साथै आवेदक संस्था अघिल्लो आ.व. भित्र सम्बन्धित निकायमा दर्ता भएको हुनु पर्नेछ।

(ङ) व्यावसायिक रुपमा प्राङ्गारिक मल उत्पादन गर्दा प्रचलित ऐन कानून बमोजिम सम्बन्धित निकायको अनुमतिपत्र लिएर मात्र व्यावसायिक कारोबार शुरु गर्नु पर्नेछ। र सो को गुणस्तर र परिमाण सम्बन्धी अनुगमन निर्देशनालय वा कार्यालय वा अन्य निकायले गर्नेछ।

## परिच्छेद-३

## अनुदान प्रवाह विधि

८.<u>अनुदान प्रवाह विधि</u>ः अनुदान प्रवाह विधि देहायबमोजिम हुनेछः-

(क) अनुदान रकम कार्य सम्पन्न प्रतिवेदनका आधारमा कार्यसम्पन्न पश्चात अनुदानग्राहीलाई एसीपेयी चेक मार्फत निर्देशनालय वा कार्यालयबाट भुक्तानी दिइनेछ।

(ख) अनुदानग्राहीले पेश गरेको विवरणको आधारमा निर्देशनालय वा मातहतका कार्यालयद्वारा अनुगमन भई प्रतिवेदनको आधारमा अनुदान रकम भुक्तानी दिइनेछ।

(ग) निर्देशनालय वा कार्यालयले सम्बन्धित मूल्याङ्कनबाट संलग्न कागजातहरु जाँच गरी सिफारिसको आधारमा अनुदान रकम भुक्तानी गर्नेछ। निर्माण कार्यको हकमा भुक्तानी गर्दा प्रचलित कानून बमोजिम कन्टिन्जेन्सि रकम कट्टा गरिनेछ।

(घ) अनुदान प्राप्त गरी प्राङ्गारिक मलउत्पादन गरेको प्रमाण वा उत्पादनको उद्योग स्थापना गर्ने उत्पादनकर्ताले उत्पादन शुरु गरेको प्रमाण निर्देशनालय वा कार्यालयमा पेश भए पश्चात मात्र अनुदान उपलव्ध गराइने छ।

## परिच्छेद -४

## विविध

९. **अनुगमन, मूल्याङ्कन तथा समन्वयः** कार्यक्रमको अनुगमन मन्त्रालय, निर्देशनालय/कार्यालय, संयुक्त वा छुट्टै छुट्टै रुपमा गर्नेछन्। कार्यक्रम सञ्चालन गर्ने सम्बन्धित कार्यालयले आवश्यकता अनुसार नेपाल सरकार, प्रदेश सरकारको अन्य निकाय तथा स्थानीय तहसँग समन्वय गर्न सक्नेछ।

१०. **कार्यविधिको व्याख्या** : यस कार्यविधिमा व्यवस्था भएकोमा यसै कार्यविधि बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ। यस कार्यविधिमा कुनै अस्पष्टता वा कार्यान्वयनमा व्यवधान भएमा मन्त्रालयको व्याख्या अन्तिम हुनेछ।

११. **थपघट तथा संसोधनः** (१) आर्थिक मामिला तथा योजना मन्त्रालय र आर्थिक मामिला तथा कानून मन्त्रालयको सहमति लिई भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले आवश्यकता अनुसार यो कार्यविधिमा थपघट तथा संसोधन गर्न सक्नेछ।

(२) यस कार्यविधिको अनुसूचीहरुमा आवश्यकता अनुसार मन्त्रालयले थपघट तथा हेरफेर गर्न सक्नेछ।

**अनुसूची-१**

(दफा ५ को खण्ड (घ) सँग सम्बन्धित)

**<u>आवेदनपत्रको ढाँचा</u>**

श्रीमान् प्रमुखज्यू,

..............................,

प्रदेश नं. ५

**विषयः प्राङ्गारिक मल उत्पादन तथा उपयोग प्रवर्द्धन कार्यक्रममा अनुदान सहयोग सम्बन्धमा।**

महोदय,

मेरो/हाम्रो .................उद्यमी/कृषक समूह/ कृषि सहकारी संस्था .................. जिल्ला, ........................ म.न.पा./उप-म.न.पा./न.पा./गा.पा.,.....वडा नं. अन्तर्गत ................... स्थानमा प्राङ्गारिक मल उत्पादन तथा उपयोग प्रवर्द्धन गर्ने रहेकोले सोका लागी अनुमानित लागत रकमको रु.....................मध्ये रु .................. मेरो/हाम्रो आफ्नै तर्फबाट व्यहोरी बाँकी रकम रु......................अनुदान पाउने व्यवस्थाका लागि तपसिल बमोजिमका कागजातहरु संलग्न राखी यो आवेदन पेश गरेको छु/ गरेका छौ।

तपसिलः

१. उद्यमी/कृषकसमूह/कृषि सहकारीसंस्थाको दर्ता प्रमाणपत्रको छाँयाप्रती (नियमानुसार नविकरण समेत भएको हुनुपर्ने) र स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपी
२. प्रस्तावकको नेपाली नागरिकताको प्रतिलिपि
३. उद्यमी/कृषकसमूह/कृषि सहकारीसंस्थाको गत आ.व. सम्मको लेखा परिक्षणको प्रतिवेदन र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी वा नियमानुसार कर चुक्ताको लागी म्याद थप भएकोमा सो को प्रतिलिपी
४. सम्बन्धित म.न.पा./उप-म.न.पा./न.पा./गा.पा.को कृषि शाखाबाट कार्यक्रम सञ्चालन गरिने स्थानमा भौतिक पुर्वाधारहरु (सडक, पानी, बिजुली आदि) उपलब्धता रस्थानीय तहको प्राथमिकता क्षेत्रमा रहेको व्यहोराको सिफारिस पत्र
५. सम्बन्धितकृषि ज्ञान केन्द्रबाट कार्यक्रम सञ्चालन गरिने स्थान प्राविधिक रुपमा उपयुक्त रहेको व्यहोराको सिफारिस पत्र
६. कृषक समूह/कृषि सहकारीको हकमा प्रस्ताव पेश गर्ने र जिम्मेवार व्यक्ति तोक्ने निर्णयको छाँयाप्रती र जिम्मेवार व्यक्तिको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि

७. जग्गाको जग्गा धनि प्रमाण पुर्जा वा भाडामा लिएको भए १० वर्षको सम्झौता पत्र र सम्बन्धित जग्गा धनि प्रमाण पुर्जाको प्रतिलिपि

८. प्रस्तावकको कम्तिमा १० वर्ष सम्म व्यवसाय सञ्चालन गर्ने प्रतिवद्धता पत्र

*(नोटः माथि उल्लेखित कागजपत्र संलग्न नरहेको खण्डमा त्यस्ता प्रस्तावहरु मूल्याङ्कनको लागि अगाडि बढाइने छैन।)*

निवेदकको

नामः

दस्तखतः

ठेगानाः

सम्पर्क नः

## अनुसूची-२

(दफा ५ को खण्ड (ङ) सँग सम्बन्धित)

**प्रस्तावको ढाँचा**

### खण्ड (क) प्रस्तावकको विवरण

प्रस्तावकको नाम ............................................

प्रस्तावकको किसिमः उद्यमी/कृषक समूह/कृषि सहकारी संस्था

सदस्य संख्याः............

ठेगानाः

जिल्ला : ............... न.पा./गा.पा. : ............... वार्ड नं. ............ टोल/गाउँ .........

संस्था दर्ताको मितिः ............................ दर्ता गरेको कार्यालयः.....................

व्यवसाय सञ्चालन गरेको मिति .................. स्थान ..................

ब्यवसाय सञ्चालन गरेको क्षेत्रफल (हेक्टर/रोपनी/कट्ठा)र उत्पादन क्षमता

...........................

### खण्ड (ख) प्रस्तावित कार्यक्रमको व्यावसायिक योजना विवरण

**(१) प्रस्तावित कार्यक्रमको विवरण**

- उत्पादन योजना (उत्पादनकोप्रकार र परिमाण)ः प्राङ्गारिक मल वा जिवाणु मलको प्रकार, औजार उपकरण, भकारो सुधार/गोठेमल व्यवस्थापन/भर्मी कम्पोष्टिङ्ग/बायोग्यास संरचना निर्माण सुधार
- भौतिक संरचनाको निर्माण/आपुर्तिः
- बजारीकरण (जिल्ला स्तरमा/प्रदेश स्तरमा/ राष्ट्रिय स्तरमा लाने)

१. **प्रस्तावित कार्यक्रमको उद्देश्य (केको लागि गर्न खोजेको ?)**

२. **पूर्वधारको उपलब्धता**

- कार्यक्रमस्थल सम्म मोटर बाटो पुगेको भए बाटोको किसिम (कच्ची, पक्की, सिजनल)
- कार्यक्रम स्थलमा सिंचाई र विजुलीको उपलब्धता

**(२) कार्यक्रमको व्यवसायिक विस्तार योजना**

| क्र.सं. | कार्यक्रम विवरण (उत्पादन/उप-उत्पादन) | हालको क्षेत्रफल(कट्ठा/रोपनी) | हालको उत्पादन केजी | अपेक्षित उत्पादन केजी | हालको आम्दानी (रु) | अपेक्षित आम्दानी(रु) |
|---|---|---|---|---|---|---|
| | | | | | | |

(३) **कार्यक्रमको क्रियाकलापहरुः**

| क्रियाकलाप | जिम्मेवारी | अनुदानको सीमा |
| --- | --- | --- |
| (क) जिवाणु मल वा प्राङ्गारिक मल उत्पादन कारखानाको स्थापना/क्षमता विस्तार/सुधार गर्न औजार उपकरण खरिद<br>(ख) समूह वा सहकारी बाट भकारो सुधार/गोठेमल व्यवस्थापन/भर्मीकम्पोष्टिङ्ग/बायोग्यास स्थापनाका लागि संरचना निर्माण सुधार कार्य | प्रस्तावक संस्थाहरु | प्रति प्रस्ताव अनुदान बढीमा ५ लाख वा लगानीको ५० % मध्ये जुन कम हुन आउँछ सोही हुने छ।<br>समूह वा सहकारीबाट माग भएकामा प्रति व्यक्ति २५ हजार नबढ्ने गरी बढीमा ५ लाख वा लगानीको ५० % मध्ये जुन कम हुन आउँछ सोही हुने छ |

(४) **बजारीकरण योजना**

- बजारको विकास र बजारीकरणको रणनीति
- लक्षित बजार/ग्राहक
- मुख्य उत्पादनका विशेषताहरु
- बजारमा उपलब्ध चुनौतीहरु अवसरहरु

(५) **वित्तीय योजना**

- लगानीको लागत खर्चको अनुमान
- उत्पादन बिक्रि र आयको ३ वर्षे प्रक्षेपण (आयोजनाको उत्पादन योजना/आम्दानी प्रति वर्ष)

(६) **लगानी श्रोतको आधारको प्रमाण**

- प्रस्तावकको स्व-आम्दानी बाट लगानी गर्ने भए कार्ययोजना अनुसार अनुदानग्राहीको लगानी सुनिश्चित हुने प्रयाप्त प्रमाण संलग्न भएको (बैंक खाताको स्टेटमेन्ट)
- प्रस्तावकतर्फको लागानी बैंकबाट ऋण लिई गर्ने भए बैंकको पत्र संलग्न भएको
- अन्य लगानी श्रोतको आधार

**प्रस्तावित कार्यक्रमको कूल लागतको बाँडफाँड**

| क्र.सं. | क्रियाकलाप | जम्मा अनुमानित लागत (रु.) | प्रस्तावकबाट व्यहोर्ने (५०%) | अनुदान माग (५०%) |
|---|---|---|---|---|
| | | | | |

**(७) प्रस्तावकको भावी योजना**

**अनुदान सञ्चालन पश्चात कार्यक्रमकोनिरन्तरताका आधारहरु**

- उपलब्धि र प्रतिफललाई दिगो राख्ने क्षमता

## खण्ड (ग)

**प्रस्तावित योजनाको लागी अन्य कुनै स्रोतबाट अनुदान नलिएको स्वघोषणा**

....................को मिति २०७................. मा प्रकाशित सूचना अनुसार ..........................................................................कार्यक्रमको चालु आ. व. र अघिल्ला २ आ. व. भित्र अन्य कुनै स्रोतबाट सोही प्रयोजनका लागी अनुदान नलिएको स्वघोषणा गर्दछु/ गर्दछौं। उपर्युक्त बमोजिमको विवरणहरु जाने बुझे सम्म सहि छ यदि झुटो ठहरीएमा निवेदन स्वत खारेज भई कानून बमोजिम सहुँला बुझाउँला।

| | |
|---|---|
| साक्षीः | निवेदक |
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |

*नोटः प्रस्तुत संक्षिप्त ढाँचाको आधारमा विस्तृत रुपमा प्रस्ताव तयार गरी पेश गर्नु पर्नेछ। प्रस्तावकले प्रस्ताव सँग सम्बन्धित अन्य विवरण पनि संलग्न गर्न सक्नेछन।*

## अनुसूची-३

(दफा ४ को उपदफा (४) खण्ड (च) सँग सम्बन्धित)

### प्रस्ताव मूल्याङ्कनका आधारहरु

दर्ता नं.

समूह/संस्थाको नाम :

ठेगानाः

| क्र.स. | मूल्याङ्कनका आधारहरु | अधिकतम अंक | कैफियत |
|---|---|---|---|
| १ | व्यावसायिक योजना | २० | |
| | लाभ लागतको योजना तयार भई पहिलो वर्षमा नै नाफामा जाने | २० | |
| | दोस्रो वर्षमा नाफामा जाने | १६ | |
| | तेस्रो वर्षमा नाफामा जाने | १२ | |
| २ | प्राङ्गारिक मल उत्पादन वा प्रस्तावित क्रियाकलापमा सहभागीको अनुभव | १० | |
| | ५ वर्ष सो भन्दा बढि अनुभव भएको | १० | |
| | २-४ वर्षको अनुभव भए | ८ | |
| | १ वर्ष वा सो भन्दा कम अनुभव भए | ६ | |
| ३ | प्राविधिक पक्ष | १० | |
| | मल उत्पादनसँग सम्बन्धित विषयमा तालिम प्राप्त भए | १० | |
| | तालिम प्राप्त नभए | ७ | |
| ४ | आर्थिक पक्ष | २० | |
| | नगद मौज्दात भए | २० | |
| | ऋण स्वीकृत | १६ | |
| | नखुलेको | १२ | |
| ५ | उत्पादन योजना | १० | |
| | ७५ प्रतिसत भन्दा बढी स्थानीय श्रोतमा आधारित भए | १० | |
| | ७५ प्रतिसत भन्दा कम स्थानीय श्रोतमा आधारित भए | ७ | |
| ६ | बजार योजना | १० | |

| | | | |
|---|---|---|---|
| | ७५% वा सो भन्दा बढि उत्पादन स्थानीय बजारमा खपत हुने भए | १० | |
| | ५०% देखि ७४% उत्पादन स्थानीय बजारमा खपत हुने भए | ८ | |
| | २५% देखि ४९% उत्पादन स्थानीय बजारमा खपत हुने भए | ६ | |
| ८ | वातावारणीय पक्ष | १० | |
| | सकरात्मक प्रभाव भए | १० | |
| | कुनै पनि प्रभाव नपर्ने भए | ८ | |
| | सामान्य नकरात्मक प्रभाव पर्ने भए | ६ | |
| ९ | रोजगारी सिर्जना (पूर्णकालीन) | १० | |
| | १० जना भन्दा बढी रोजगारी सिर्जना भए | १० | |
| | ७-१० जना सम्म रोजगारी सिर्जना भए | ८ | |
| | ४-६ जना सम्म रोजगारी सिर्जना भए | ६ | |
| | ३ जना भन्दा कम रोजगारी सिर्जना भए | ४ | |
| | जम्मा | १०० | |

नोटः कार्यक्रम व्यवस्थापन समितिले आवश्यकता अनुसार प्रस्तुत मूल्याङ्कनका आधारहरुको विस्तृतीकरणगर्न सक्नेछ।र सो आधारहरु जे सुकै भए पनि स्थलगत निरीक्षणबाट गरिने मूल्याङ्कनबाट उपयुक्त ठहर नभएका प्रस्तावहरु स्वतः अस्वीकृत हुनेछन्।

मूल्याङ्कन कर्ताको

दस्तखतः

नामः

पदः

कार्यालयः

मितिः

## अनुसूची-४

(दफा ५ को खण्ड (छ) सँग सम्बन्धित)

**<u>सम्झौता-पत्रको ढाँचा</u>**

श्री ...................................... मार्फत सञ्चालन गरिने आ.व. ....................... को स्वीकृत ..................................................................... कार्यक्रम सञ्चालन गर्न ............................ .................................. (यस पछि पहिलो पक्ष भनिने) र विशिष्टताका आधारमा छनौट भएका कम्पनी/समूह/सहकारी संस्था ........................................................................... (यस पछि दोस्रो पक्ष भनिने) बीच तपसिलका सर्तमानहरु गरी कार्यक्रम सम्पन्न गर्न सम्झौता र सहमति भएको छ।

१. यो सम्झौता पत्र ....................................(प्रथम पक्ष) र .................................. (दोस्रो पक्ष) बीच ............................................................ कार्यक्रमको लागि लागत साझेदारीका लागि प्रयोग हुनेछ।

२. सम्झौता भएको मितिदेखि यो सम्झौता प्रारम्भ भएको मानिनेछ।

३. दोस्रो पक्षले सम्झौतामा उल्लेख भए बमोजिमका कार्यहरु सम्झौता भएको मितिले ......... दिन भित्र शुरु गर्नुपर्नेछ।

४. ...................................................... कार्यक्रम सञ्चालनका लागि प्रथम पक्षले दोस्रो पक्षलाई कार्यक्रमको लागि ......... % कार्यसम्पन्न भए पछि पहिलो, ......... % कार्यसम्पन्न भए पछि दोस्रो र १०० % कार्यसम्पन्न भएपछि अन्तिम किस्ता अनुदान रकम एकाउन्ट पेयी चेक मार्फत भुक्तानी गराउनेछ।

५. स्वीकृत अनुदान रकम भुक्तानी दिंदा अनुगमन टोलिको समितिको सिफारिसको आधारमा गरिनेछ।दोस्रो पक्षले कार्यक्रम सञ्चालन गर्दा कार्यक्रम व्यवस्थापन समितिको निर्देशन अनुसार कार्य गर्नुपर्नेछ।

६. सम्झौता बमोजिम रकम भुक्तानी गर्ने सम्बन्धमा मूल्याङ्कनका लागि लागत अनुसारको विल सहित कार्यसम्पन्न प्रतिवेदन तयार गरी दोस्रो पक्षले प्रथम पक्षसँग अनुरोध गर्नु पर्नेछ र प्रथम पक्षले सम्पूर्ण प्रतिवेदन तथा विलहरु प्राप्त भएको ७ दिन भित्र भुक्तानीको आवश्यक व्यवस्था मिलाउनेछ।

७. सम्झौता रकम जम्मा:-
   प्रथम पक्षले ब्यहोर्ने:-
   दोस्रो पक्षले ब्यहोर्ने:-

८. दोस्रो पक्षले अनुदान रकम देहाय अनुसारको विषयमा मात्र खर्च गर्नु पर्नेछ। अन्यथा प्रथम पक्षबाट भुक्तानी हुने छैन।

| सि.न. | क्रियाकलाप | ईकाइ | परिणाम | दर | जम्मा | अनुदान रकम | कार्यक्रम सम्पन्न गर्ने अवधि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १. पूर्वधार | | | | | | | | |
| १.१ | | | | | | | | |
| १.२ | | | | | | | | |
| २. औजार/उपकरण | | | | | | | | |
| २.१ | | | | | | | | |
| २.२ | | | | | | | | |
| ३. सञ्चालन खर्च | | | | | | | | |
| ३.१ | | | | | | | | |
| ३.२ | | | | | | | | |

९. प्रथम पक्षले उपलब्ध गराउने अनुदान रकम कार्यविधिको दफा ........ बमोजिमको काममा मात्र खर्च गर्न सकिनेछ र तोकिएको समयावधि भित्र सम्पन्न गरी भुक्तानी समेत माग गर्नु पर्नेछ अन्यथा भुक्तानी नभई हानी नोक्सानी पर्न गएमा प्रथम पक्ष जवाफदेही हुनेछैन।

१०. ................................................ कार्यक्रम सुरु भए पश्चात उक्त कार्यक्रमको स्याहार सम्भारको जिम्मेवारी दोस्रो पक्षले लिनु पर्नेछ।

११. यस सम्झौता बमोजिम अनुदान प्राप्त गरी कार्यक्रम सञ्चालन गर्ने सिलसिलामा कुनै दुर्घटना वा भवितव्य हुन गई जनधनको क्षति भएको खण्डमा सो घटनाको जिम्मेवारी दोस्रो पक्षले लिनु पर्नेछ।

१२. सम्झौता मुताविकका कार्य नभएमा वा उपलब्ध श्रोतको दुरुपयोग भएको पाइएमा प्रथम पक्षले जुनसुकै समयमा एकतर्फि रुपमा सम्झौता भङ्ग गरी दोस्रो पक्षबाट दुरुपयोग भए बराबरको रकम सरकारी बाँकी सरह असुल उपर गर्न सक्नेछ।

१३. प्रथम पक्षका तर्फबाट कुनै पनि समयमा हुने कार्यक्रमको निरीक्षण र अनुगमन कार्यमा सहयोग गर्नु दोस्रो पक्षको दायित्व हुनेछ।

१४. यस सम्झौतामा भएको विषयमा यसै सम्झौता बमोजिम र नभएका विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

.......................... .............................

प्रथम पक्षका तर्फबाट दोस्रो पक्षका तर्फबाट

नामः नामः

पदः पदः

साक्षीहरु

नामः नामः

पदः पदः

मितिः २०........... साल .......... महिना............. गते

नोट : सम्झौता हुँदाको बखत उल्लिखित बुँदाहरुमा थपघट गर्न सकिनेछ।